# नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति)

# नियमहरु, २०५०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५०।१२।०१

**संशोधन**

नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति)

(पहिलो संशोधन) नियमहरु, २०७० २०७०।०१।३०

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल विविध सेवा सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले नेपाल विविध सेवाका निजामती कर्मचारी सम्झनु पर्दछ।

३. **सेवाको गठनः** ऐनको दफा ३ बमोजिम नेपाल विविध सेवा गठन गरिएको छ ।

४. **सेवामा रहने श्रेणी र पदः** (१) सेवामा देहायका श्रेणीहरु रहनेछन्–

(क) राजपत्राङ्कितः

(१) विशिष्ट श्रेणी,



नेपाल कानून आयोग

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी र

(४) तृतीय श्रेणी ।

(ख) राजपत्र अनङ्कितः

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी, र

(४) चतुर्थ श्रेणी ।

(२) सेवा समूहमा रहने श्रेणीका र श्रेणी विहिन पदहरु अनुसूची–१ बमोजिम हुनेछन् ।

५. **रिक्त पदको पूर्तिः** (१) सेवाका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणीविहीन पदहरु शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ।

६. **नियुक्तिको लागि योग्यताः** सेवाको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची –२ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्नेछन् ।

७. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको निमित्त राजपत्राङ्कित पदहरुको हकमा ऐनको दफा २४घ. को उपदफा (३) बमोजिमको[σ] शैक्षिक योग्यता र राजपत्र अनङ्कित पदहरुको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

σ पहिलो संशोधनद्वारा संशोधित ।

तर यी नियमहरु प्रारम्भ हुँदाको बखत सेवामा वहाल रहेका कर्मचारीहरुको हकमा निजलाई त्यस्तो सेवामा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

८. **सरुवाको व्यवस्थाः** सेवाका कर्मचारीहरुलाई सरुवा गर्दा नियमावलीको परिच्छेद ६ को अधीनमा रही सेवा भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

९. **सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** सेवाको सञ्चालन र प्रशासन सामान्य प्रशासन मन्त्रालयले गर्नेछ।

१०. **अनुसूचीमा हेरफेर वा थपघटः** नेपाल सरकारले नेपाल राजपत्र सूचना प्रकाशित गरी अनुसूचीमा अवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

११. **खारेजी र बचाउः** (१) नेपाल विविध सेवा (गठन) नियम, २०१६ खारेज गरिएको छ।

(२) नेपाल विविध सेवा (गठन) नियम, २०१६ बमोजिम भए गरेका काम कारवाहीहरु यी नियमहरु बमोजिम नै भए गरेका मानिनेछन् ।

नेपाल कानून आयोग

---

द्रष्टव्यः- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः
"नेपाल सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची – १

### (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

### सेवामा रहने पदहरुको नाम

१. राजपत्राङ्कित विशिष्ट श्रेणीमा रहने पदः

नेपाल सरकारले तोकेको पद

२. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदः

नेपाल सरकारले तोकेको पद

*चार्टर्ड एकाउन्टेन्ट

✸मदिरा विशेषज्ञ

३. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदहरुः

वरिष्ठ कार्टोग्राफर

वरिष्ठ टेक्स्टायल अधिकृत

वरिष्ठ चलचित्र सम्पादक

वरिष्ठ मेडिकल रेकर्डर

वरिष्ठ संगीत अन्वेषण अधिकृत

वरिष्ठ कम्प्युटर इन्जिनियर

वरिष्ठ संरक्षण अधिकृत

वरिष्ठ हाउस किपिङ अधिकृत

वरिष्ठ समुदायिक विकास अधिकृत

वरिष्ठ वातावरण अधिकृत

चार्टर्ड एकाउण्टेन्ट

〻निर्देशक (कम्प्युटर)

☑वरिष्ठ जलस्रोत अर्थविद्

☑वरिष्ठ वित्तीय विश्लेषक

☑वरिष्ठ अनुसन्धान अधिकृत

☑वरिष्ठ भूगोलशास्त्री

☑वरिष्ठ अर्थशास्त्री

☑वरिष्ठ ट्रान्सपोर्ट इकोनमिष्ट

---

* मिति २०५३।५।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

✸ मिति २०५६।४।३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

〻 मिति २०५४।०३।०२ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

☑ मिति २०५१।०४।११ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

☑ मिति २०५१।०४।११ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।



नेपाल कानून आयोग

⏭उपसचिव (महिला विकास)

⏭वरिष्ठ महिला विकास अधिकृत

⏭निर्देशक (महिला विकास)

⏭प्रमुख महिला विकास अधिकृत

४. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदहरुः

कार्टोग्राफर

संगीत अन्वेषण अधिकृत

चलचित्र सम्पादक

चलचित्र स्क्रिप्ट अधिकृत

एरियल फोटोग्राफर

लोक गीत प्रबन्धक

कम्प्युटर अधिकृत

कम्प्युटर इञ्जिनियर

प्रशिक्षण अधिकृत (होजियारी)

प्रशिक्षण अधिकृत (सिलाई)

छाला अधिकृत

सोरामिक अधिकृत

होजीयारी अधिकृत

कारखाना प्रमुख

टेक्स्टायल अधिकृत

डिजाइन अधिकृत

अधिकृत इन्ग्रेभर

टेक्स्टायल इञ्जिनियर

परिवार नियोजन अधिकृत

मुल्याङ्कन अधिकृत

क्यूरियो अधिकृत

फर्निसिंङ अधिकृत

प्रदुषण विशेषज्ञ

अर्वन इकोलोजिष्ट

रसायन विद्

जलमार्ग अधिकृत

संरक्षण अधिकृत

रेखा विशेषज्ञ

---

⏭ मिति २०७०।०८।१२ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

इलेक्ट्रीकल टेक्निसियन
रेडियो टेक्निसियन
इलेक्ट्रो कार्डियोग्राम टेक्निसियन
डाइटिसियन
अडियोमेट्रिसियन
हाउस किपिङ अधिकृत
श्रव्य दृश्य अधिकृत
सम्पादक
अधिकृत प्रसारक
सहायक कृषि सूचना अधिकृत
हेड खान्सामा
☑अनुसन्धान अधिकृत
☑अनुसन्धान अधिकृत (जोग्राफी)
☑औद्योगिक अर्थशास्त्री
☑समाजशास्त्री
☑अर्थशास्त्री
☑भूगोलशास्त्री
☑ट्रान्सपोर्ट इकोनमिष्ट
☑सुपरिवेक्षक
✷अडियोलोजिष्ट
◙महिला विकास अधिकृत
◈प्रशिक्षण अधिकृत (गलैंचा)
◈प्रशिक्षण अधिकृत (मेकानिकल)
◈प्रशिक्षण अधिकृत (फर्निचर)
◈प्रशिक्षण अधिकृत (नेपाली कागज)
◈वरिष्ठ टेलिफोन अपरेटर

५. <u>राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पदहरु:</u>

प्रमुख शिक्षक

---

☑ मिति २०५१।०४।११ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।
✷ मिति २०५३।०६।२८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।
◙ मिति २०६१।०६।०४ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।
◈ मिति २०६५।१२।०३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

वरिष्ठ प्राविधिक सहायक
कम्प्युटर टेक्निसियन
कम्प्युटर अपरेटर
प्रसारक
डाटा इन्ट्री अपरेटर
गोल्ड टेस्टर
सहायक कार्टोग्राफर
गार्ड कमाण्डर
कम्प्युटर सहायक
डाटा कोडिङ सुपरभाइजर
डाटा इन्ट्रि सुपरभाइजर
डाटा प्रिपरेशन सुपरभाइजर
मूभि अपरेटर
ल्याव असिस्टेण्ट
सहायक रेखा विशेषज्ञ
सुवेदार
सिनियर स्टोर मेकानिक्स
डेन्टल सहायक
अडियो मेट्रिष्ट
ट्रेसर
सहायक अर्थोपेडिसियन
सहायक अप्टिसियन
अप्थामिल्क असिष्टेण्ट
फोटोग्राफर
स्थानीय विकास प्रशिक्षक
प्राविधिक सहायक
*टेलिफोन अपरेटर
*सुरक्षा गार्ड
✚भिडियो अपरेटर र बेल डेभलपर टेक्निसियन
▣सुपरभाईजर

* मिति २०५३।०५।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप।
* मिति २०५३।०३।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप।
✚ मिति २०५६।११।१६ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप।
▣ मिति २०६१।०६।०४ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप।



नेपाल कानून आयोग

६. <u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पदहरुः</u>

शिक्षक

सेक्यूरिटी गार्ड

सहायक गोल्ड टेस्टर

लिथो सहायक

श्रेणी गायक

मेसेज सञ्चालक

सुपरभाइजर

महिला कार्यकर्ता

जमदार

डाटाइन्ट्रि अपरेटर

सहायक कम्प्युटर अपरेटर

टेलिफोन अपरेटर

सहायक डाटा प्रिपरेशन सुपरभाइजर

सहायक डाटा इन्ट्रि सुपरभाइजर

डाटा प्रिपरेशन सुपरभाइजर

कोडर

सुवेदार

फोटोकपी अपरेटर

स्टोर मेकानिक्स

रेकर्ड किपर

कार्पेण्टर

डाइटिसियन

हाउस किपिङ सहायक

रिसेप्सनिष्ट

लिनेन इन्चार्ज

स्थानीय विकास सहायक प्रशिक्षक

✚सहायक रेडियो प्रसारक

◙मुख्य महिला कार्यकर्ता

७. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पदहरुः</u>

सहायक कूक

हेड टेवुल व्वाई

---

✚ मिति २०५६।११।१६ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।

◙ मिति २०६१।०६।०४ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।

डुप्लिकेटिङ मेशिन अपरेटर
लिफ्ट अपरेटर
हेड माली
हवल्दार
जमदार
जुनियर अपरेटर
सूचिकार
*टेलिफोन अपरेटर
◙महिला कार्यकर्ता

८. <u>राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पदहरु:</u>
कुक कम टेबुल ब्वाई
हेड धोवी
प्रेस एड
सहायक टेलिफोन अपरेटर
हवल्दार
हेल्पर
स्टोर हेल्पर
मुख्य नाइके
सूचिकार
गार्ड इञ्चार्ज
नर्स गार्ड
कर्मी नाइके
व्यागेज ट्रली अपरेटर
*सहायक टेलिफोन अपरेटर

९. <u>श्रेणी विहीन पद:</u>
नेपाल सरकारले तोकेको पद।

* मिति २०५३।०५।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।
◙ मिति २०६१।०६।०४ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।

नेपाल कानून आयोग

## *अनुसूची–२
## (नियम ६ सँग सम्बन्धित)
## सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

खण्ड (क)

| क्र.सं. | पद र श्रेणी | न्युनतम योग्यता |
|---|---|---|
| १. | चार्टर्ड एकाउटेण्ट रा.प. प्रथम | त्रि.वि.वि बाट मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ७ वर्षको अनुभव प्राप्त |
| ●१क. | मदिरा विशेषज्ञ (रा.प. प्रथम) | इण्डष्ट्रियल फर्मेन्टेशन र अल्कोहल टेक्नोलोजिमा स्नातकोत्तर उपाधि वा डिप्लोमा वा इण्डष्ट्रियल अल्कोहल केमेष्ट्रिमा स्नातकोत्तर उपाधि र अल्कोहल टेक्नोलोजीमा एक शैक्षिक वर्षको तालीम प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव[σ] प्राप्त । |
| २. | चार्टर्ड एकाउन्टेन्ट रा. प. द्वितीय | त्रि.वि.वि. बाट मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ५ वर्षको अनुभव प्राप्त । |

खण्ड (ख)

खण्ड (क) मा उल्लेखित पद र श्रेणी वाहेक अन्य पद र श्रेणीको लागिः–

| क्र.सं. | पद र श्रेणी | न्युनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पद | सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदका लागि निर्धारित शैक्षिक योग्यता प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव[σ] प्राप्त |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई समय समयमा निर्धारण गरेबमोजिम |
| ३. | राजपत्र अनङ्कित पदहरु | नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई समय समयमा निर्धारण गरे बमोजिम |
| ४. | श्रेणीविहीन | नेपाल सरकारले निर्धारण गरेबमोजिम |

---
* मिति २०५३।०५।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।

● मिति २०५६।१०।०३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप।

σ पहिलो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग